आज मिती २०८१ साल कार्तीक ८ गते बिहिबार विहान १०:०० वजे गोकुलगंगा गाउँपालिकाको दोश्रो कार्यकालको ३८ औं कार्यपालिकाको वैठक गाउँपालिका अध्यक्ष श्री काजी बहादुर खड्काको अध्यक्षता तथा तपशिलका पदाधिकारीहरुको उपस्थितीमा बसी देहाय वमोजिमको विषयमा छलफल गरी निर्णय गरीयो ।

तपशिल

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री काजी बहादुर खड्का | अध्यक्ष | | |
| २ | श्री उषा देवी कार्की | उपाध्यक्ष | | |
| ३ | श्री छत्र बहादुर वस्नेत | वडा नं. १ वडाध्यक्ष | | |
| ४ | श्री सुन्दर कुमार कार्की | वडा नं. २ वडाध्यक्ष | | |
| ५ | श्री नर विक्रम कार्की | वडा नं. ३ वडाध्यक्ष | | |
| ६ | श्री रामचन्द्र वस्नेत | वडा नं. ४ वडाध्यक्ष | | |
| ७ | श्री दिपक कार्की | वडा नं. ५ वडाध्यक्ष | | |
| ८ | श्री चन्द्र बहादुर सुनुवार | वडा नं. ६ वडाध्यक्ष | | |
| ९ | श्री दिर्घ माया खत्री | कार्यपालिका सदस्य | | |
| १० | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| ११ | श्री मोहन मायाँ सुनुवार | कार्यपालिका सदस्य | | |
| १२ | श्री ज्ञान कुमारी थापामगर | कार्यपालिका सदस्य | | |
| १३ | श्री कैलाश सुनुवार | कार्यपालिका सदस्य | | |
| १४ | श्री मैना खड्का | कार्यपालिका सदस्य | | |
| १५ | श्री उमेश कुमार यादव | प्रमुख प्रशासकीय अधिकृत सचिव | | |

CamScanner

**छलफलका विषयहरुः**

१. अघिल्लो कार्यपालिकाको वैठकको निर्णयहरुको समिक्षा गर्ने सम्बन्धमा ।

२. मेडेपा कार्यक्रम अन्तर्गत नयाँ उद्यमीको वडा छनौट सम्बन्धमा।

३. विभिन्न मितिमा योजना भुक्तानी सम्बन्धमा ।

४. बाबू आमा विहिन बालबालिका संरक्षण कार्यक्रम संचालन सम्बन्धमा ।

५. प्रारम्भिक म ले प प्रतिवेदनको राय प्रतिक्रिया सम्बन्धमा ।

६. विविध सम्बन्धमा।

# निर्णयहरुः-

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गरी अघिल्लो वैठकको निर्णय कार्यान्वयनको समीक्षा गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ वमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सृजना गर्नको लागि गोकुलगंगा गाउँपालिका अन्तर्गत वडा नं. ४ वेताली र वडा नं. ६ फर्पूलाई छनौट गरी उक्त कार्यक्रम वडा नं. ४ वेताली र वडा नं. ६ फर्पूमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस कार्यालयवाट दायित्य सिर्जना भई विभिन्न शिर्षकबाट खर्च हुने गरी रकम भूक्तानीको लागि निवेदन पेश गरेका तपशिलमा उल्लेखित उपभोक्ता समिती, बेरोजगार व्यक्तीहरु र विभिन्न आपूर्तीकर्ता तथा परामर्शदाताहरुलाई उल्लेखित रकम भुक्तानी गर्ने निर्णय गरीयो ।

तपशिल

| क्र.सं. | प्रापक प्रकार | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थागत | वृद्धाश्रम सहयोग समिति | १४७७५. | |
| २ | संस्थागत | खिम्ती ग्रामीण विद्युत सहकारी संस्था लिमिटेड | १४९२०. | |

काजी बहादुर खड्का
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | संस्थागत | गोकुलगंगा गाउँपालिका धरौटी खाता | ४३९७३३.६१ | |
| ४ | संस्थागत | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष | ५५५४५.९६ | |
| ५ | संस्थागत | बि.एण्ड बि होटल एण्ड लज | ४०४३४. | |
| ६ | संस्थागत | सामुदायिक मिडिया प्रा.लि | १९७००. | |
| ७ | संस्थागत | नागरिक लगानी कोष | ४२०००. | |
| ८ | संस्थागत | साबधिक बिमा-नागरिक लगानी कोष | १२०००. | |
| ९ | संस्थागत | नुम्बुर आइटी सोलुसन प्रा लि मन्थली | ९८६१६.१७ | |
| १० | संस्थागत | कर्मचारी संचय कोष | १२४४६५.२ | |
| ११ | व्यक्तिगत | पुरुषोत्तम मिश्र | १०२००. | |
| १२ | व्यक्तिगत | सुनिता तामाङ | २५००. | |
| १३ | व्यक्तिगत | सुमन खड्काको संरक्षक सावित्रा खड्का | १९७००. | |
| १४ | व्यक्तिगत | श्रवण कुमार पोखरेल | १०२००. | |
| १५ | व्यक्तिगत | गोविन्द पुरी | १७००. | |
| १६ | व्यक्तिगत | केशव प्रसाद ढुंगेल | ३४००. | |
| १७ | व्यक्तिगत | सुरेन्द्र कार्की | १०२००. | |
| १८ | आपूर्तिकर्ता | ग्लोवल मिडिया होम | २८५४४. | |
| १९ | आपूर्तिकर्ता | केयर लाईफ सर्जिकल सप्लायर्स | ९८९८३. | |
| २० | आपूर्तिकर्ता | युथ भिजन मेडिसिन डिष्ट्रिव्यूटर्स प्रा ली | १८०८००.८३ | |
| २१ | आपूर्तिकर्ता | स्नोबल टेक्नोलोजी इन्क्रपोरेसन प्रा.लि. | ९३६६०. | |
| २२ | आपूर्तिकर्ता | कला स्टोर | १९२०७.५ | |
| २३ | आपूर्तिकर्ता | होटल चुचुरे ईन | ८३८०३.८ | |
| २४ | आपूर्तिकर्ता | हाइडल प्रेस प्रा.लि. | ३१३१४०.१६ | |
| २५ | आपूर्तिकर्ता | मनकामना ग्यारेज तथा वर्कशप | २५११७. | |
| २६ | आपूर्तिकर्ता | जाल्पादेवी आयल स्टोर | १६९८८६. | |
| २७ | आपूर्तिकर्ता | चन्चला देवी ट्रडर्स प्रा.लि | २८१०९१.५ | |
| २८ | आपूर्तिकर्ता | रोशनी मोटर पार्टस | ५५११०. | |
| २९ | आपूर्तिकर्ता | सुयोग्य औषधी घर प्रा. लि. | १३१९९. | |
| ३० | आपूर्तिकर्ता | होटल चन्द्रकला | ३३००७. | |
| ३१ | आपूर्तिकर्ता | बि.जी. कस्मेटिक एण्ड इलेक्ट्रोनिक्स सप्लायर्स | १४१६०.६७ | |
| ३२ | आपूर्तिकर्ता | बि.एण्ड बि होटल एण्ड लज | ६३७२९.२५ | |

काजी बहादुर खड्का
अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ३३ | आपूर्तिकर्ता | टि.बि.एस. फलफुल तथा किराना पसल | ३६५९७. | |
| ३४ | आपूर्तिकर्ता | बराह प्लाष्टीक पसल | २६४२७.५५ | |
| ३५ | आपूर्तिकर्ता | एन. आइ. ई. नेपाल इन्स्टिच्यूट अफ इन्जिनियरिङ्ग प्रा.लि. | ८९२०. | |
| ३६ | आपूर्तिकर्ता | ओम अंशु अटो वर्क्स प्रा.लि. | ८९२९८.१२ | |
| ३७ | आपूर्तिकर्ता | रोशनी मोटर साइकल पार्टस सेल्स सेन्टर | १२४६०.२५ | |
| ३८ | आपूर्तिकर्ता | नमो बुद्ध मोटरसाइकल वर्क सप | १८३०४.२५ | |
| ३९ | परामर्शदाता | होराइजन मिडिया नेटवर्क प्रा.लि. | २२३००. | |
| ४० | परामर्शदाता | सुसेली खबर प्रा.लि | १९७००. | |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल हुँदा आमा बाबु विहीन कार्यक्रम संचालन सम्बन्धमा गोकुलगंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट गते प्रकाशित भएको सूचनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल हुँदा गोकुलगंगा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर बृहत छलफल गर्दा उक्त प्रतिवेदनमा समावेश भएको तपशिल अनुसारको अनियमित वेरुजु नियमित गर्नको लागि महालेखा परीक्षकको कार्यालयसँग अनुरोध गर्ने निर्णय गरियो।

**तपशिल**

| बेरुजु दफा | बेरुजुको व्यहोरा | रकम रु. | फर्छ्यौटको व्यहोरा |
|---|---|---|---|
| ५२ | हार्डरक कार्य:- ११०/२०८०/१२/०६ सिमलगोलाई नयाँघर सडक निर्माण कार्यमा उपभोक्ता समितिबाट कार्य गर्दा ४८४ घनमिटर हार्ड रक माटो खनेको प्रति घनमिटर १२९८।- को दरमा मेशिनको वील ६२९०७५ पेश गरी योजना फरफारक गरेको पाईयो। Soil Test, जुलोजिकल सर्भे बेगर सम्बन्धित स्थानीय तहको पूर्व स्वीकृती बेगर Hard Rock को कार्य गरेको नियमित नभएको। | ६२९०७५ | उपभोक्ता समिती मार्फत प्रचलित नियमानुसार काम भएको र सानो वजेट भएकोले सोईल टेस्ट र जुलोजिकल सर्भे सम्भव नभएकोले र गाउँपालिकाको प्राविधिकबाट हार्ड रक सम्बन्धी काम सम्बन्धित वडाको प्राविधिकबाट स्वीकृती दिईएकोले सो सम्बन्धी कामबाट गाउँपालिकालाई कुनै किसिमको हानि नोक्सानी नभएकोले नियमित गरी सम्परिक्षण गरिदिनु हुन । |

काजी बहादुर स्याङ्तान
अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ६५ | <u>करार कर्मचारीः</u><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक इन्जिनियर, सहायक चौथो, सहायक कम्प्यूटर अपरेटर, प्राविधिक सहायक लगायत कर्मचारी करारमा नियुक्त गरी रु.१,५४,१८,२८५।- तलव भत्ता भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु. | १५४१८२८५ | करार कर्मचारीको रु १५४१८२८५ नियमित गर्नुपर्ने सम्बन्धमा यसले संस्थाको आर्थिक रुपले कुनै पनि हानिनोक्सानी नभएको बरु संस्थाको सेवा प्रवाह प्रभावकारी रुपमा सम्पन्न गर्न कर्मचारीको पदपूर्ती प्रदेश लोक सेवा आयोगमा पालिकाले माग आकृती फाराम पठाएको तर सो अनुसार पदपूर्ती हुन नसकेको साथै पालिकाले सभाबाट Organization and management survey (O&M Survey) गरी पदपूर्ती गरेकोले नियमित गरी सम्परीक्षण गरिदिन हुन। |
| ६७ | <u>शिर्षक फरक पारी खर्चः</u><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ बमोजिम स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले खेलकुद शिर्षकबाट विभिन्न पार्टीहरुलाई पत्रपत्रिका वापत भौ.नं. ८४।२०८०।९।२० बाट रु.१,९५,०००।- र ८५।२०८०।९।२० वाट रु.२,६८,०५०।- गरी रु.४,६३,०५०।- भुक्तानी गरेकोले अनियमित देखिएको | ४६३०५० | गाउँपालिकाको लेखा शाखामा कार्यरत कर्मचारी लेखा सम्बन्धी कर्मचारीको अभावको कारण रामेछाप जिल्ला अस्पतालबाट थप जिम्मेवारीमा आउनुभएको र निजलाई सुत्र प्रणाली सम्बन्धी पूर्ण ज्ञान नभएको कारण खेलकुद सम्बन्धी कार्यक्रमको खेलकुद शिर्षकबाट र पत्रपत्रिका छपाई सम्बन्धी पत्रपत्रिका छपाई शिर्षकबाट खर्च लेखी भूक्तनी दिनुपर्नेमा भूलवश हुन गएकोले यस्तो कार्य पुन नदोहोरिने प्रतिवद्धता गर्दै एकपटकको लागि नियमित गरी सम्परीक्षण गरिदिन हुन । |
| ८५ | <u>शुन्य दरवन्दीः</u><br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.४० मा माध्यमिक तह कक्षा ९-१० संचालित विधालयमा अङ्ग्रेजी, गणित र विज्ञान जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाई उपलब्धि अभिवृद्धि गर्न शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७८ तथा दरवन्दी मिलानको | ५५७९५७ | श्री मा वि लाकादु तेर्सेमा माध्यमिक तहमा एक मात्र राहात दरवन्दी भई मा वि संचालन भईरहेको अवस्थामा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधी-२०७७ को दफा ६ मा एक मात्र दरवन्दी भएका विद्यालयलाई बढीमा दुई वटा सम्म शिक्षण सिकाई अनुदान कोटा उपलब्ध गराउने व्यवस्था भएको, साथै कार्यक्रम कार्यान्वयन कार्यविधी |

| | | | |
|---|---|---|---|
| | प्रतिवेदन अनुरुप कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) भएका विद्यालयलाई न्यूनतम २ र १ मात्र दरबन्दी वा राहत अनुदान भएका विद्यालयलाई न्यूनतम १ शिक्षक थप गरी २ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने व्यवस्था छ । साथै विद्यार्थी संख्या अधिक भएका विद्यालयमा स्थानीय तहले शिक्षक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष मा.वि. लाकादु, तेर्सेको लागि माध्यमिक तहमा १ जना राहत दरबन्दी रहेको अवस्थामा पनि २ जना माध्यमिक तहका शिक्षक नियुक्ती गरी रु.११,३५,९१४।- भुक्तानी गरेको देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम १ जना थप गरी भुक्तानी गर्नुपर्नेमा २ जना नियुक्ती गरी थप १ जनालाई रु.५,५७,९५७।- भुक्तानी गरेकोले अनियमित देखिएको | | २०८१/०८२ को क्रियाकलाप नं. २.७.१३.४० मा १ दरवन्दी/राहात अनुदान कोटा भएका मा वि विद्यालयलाई २ वटा अनुदान कोटा उपलब्ध गराउने व्यवस्था भएकाले उक्त विद्यालयमा २ वटा शिक्षण सिकाई अनुदान कोटा उपलब्ध गराईएकोले नियमित गरी सम्परीक्षण गरिदिन हुन । |
| १०० | **प्राविधिक र ठोस आधार बेगरको खर्चः** दशैं अघि सबै बाटो सरसफाई उपभोक्ता समितिको योजना अन्तर्गत वडा नं.६ ले ७५४२३९।- वडा-५ को लागि ७५००००।-, ४ नं. वडाको लागि ४ लाख, २ नं. वडाको लागि ७ लाख र १ नं वडाको लागि ४ लाख गरी २९ लाख ४ हजार २३९ वडागत रुपमा बाँडफाँड गरी सरसफाई सम्पन्न गरेको छ । कुन वडामा कति मर्मत सम्भार गर्ने, कति माटो हटाउने, कति जटिल कार्य गर्नुपर्ने पूर्व एकिन नगरी पूर्व प्राविधिक र पालिकागत सर्वेक्षण र तथ्याङ्क विवरण नलिई सबै वडाको लागि एउटै प्राविधिक कार्य र लागत अनुमान तयार गरी खर्च गरेको देखियो । प्राविधिक ठोस आधार नलिई यसरी कार्य गर्दा खर्चको पुष्ट्याई गर्न कठिन हुने, फजुल खर्च बढ्ने, खर्चको उपयोगिता सृजना नभई वितरणमुलक बजेटको भार बढ्ने देखिन्छ । यस्तो किसिमको बजेट बाँडफाँड गरी खर्च लेखेको पद्धति नियमित नभएको | २९०४२३९ | गोकुलगंगा गाउँपालिकाको मुख्य सडक लगायत विभिन्न शाखा सडकहरुमा अविरल वर्षातको कारणले सडक हिलाम्मे भई खाल्डाखुल्डी भएर गाउँपालिका बासीहरुलाई आवतजावत गर्न कठिन भई दैनिक जिविकोपार्जनमा समेत कठिनाई हुने भएको र हिन्दुहरुको महान चाड वडा दशैंको समयमा अत्यधिक सवारी आवतजावत हुने भएको कारण गाउँपालिकाबासीलाई सहजता होस भन्ने उद्देश्यले सडक सरसफाई गरिएको र यसबाट गाउँपालिकालाई कुनै पनि हानि नोक्सानी नभई गाउँपालिकाबासीहरुलाई सहज रुपमा आवतजावत गर्न सक्ने वातावरण श्रृजना भएकोले प्रतिवेदनमा समावेश भएको अनियमित वेरुजु नियमित गरी सम्परीक्षण गरिदिन हुन। |

CamScanner